खप्तड छेडेदह गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल ।

9865954003- गाउँपालिका अध्यक्ष
9848555512- प्रमुख प्रशासकिय अधिकृत
www.chhededahamun.gov.np
icto.chhededaha@gmail.com


मिति २०८३/०४/०६

प.सं.०८३/०८४
च.नं.

**मृगौला प्रत्यारोपण गरेका/डाइलाइसिस गराईरहेका/क्यान्सर रोगि/ मेरुदण्ड पक्षघातका बिरामीहरुले नाम नवीकरण गर्ने तथा दर्ता सम्बन्धि अत्यन्तै जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस खप्तड छेडेदह गाउँपालिका अन्तर्गत "मृगौला प्रत्यारोपण गरेका/डाइलाइसिस गराईरहेका/क्यान्सर रोगि/ मेरुदण्ड पक्षघातका व्यक्तिलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८" बमोजिम मासिक रु.५,०००।-(अक्षरुपी पाँच हजार) का दरले उपचार खर्च प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.ब.२०८३/०८४ मा औषधि उपचार खर्च प्राप्त गर्नको लागि नामावली नवीकरणका साथै नयाँ बिरामीहरुको नाम दर्ता गर्न सम्बन्धित बिरामी वा निजको परिवारका सदस्यहरुले तपसिलका कागजात सहित श्रावन मसान्त भित्र नवीकरण तथा दर्ता गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८३।०४।०६

टेक बहादुर मौनी
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**तपसिल :**

१. सम्बन्धित चिकित्सकले रोग प्रमाणित गरेको अनिसुची- १
२. औषधि उपचार खर्च पाउ भनी निवेदन अनुसूची- २
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नावालकको हकमा जन्मदर्ताको प्रतिलिपि)
४. मेरुदण्ड पक्षघातका बिरामीको हकमा रातो र निलो कार्डको प्रतिलिपि ।
५. सम्बन्धि अस्पतालको बिरामी पुर्जाको प्रतिलिपि (बिगत ३ महिना भित्रको फलोअप रिपोर्ट)
६. दोहोरो सुबिधा नलिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (दोहोरो सुबिधा भन्नाले नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवित्तिभरण/ बिदेशी संस्थाबाट रोजगारी/ पेन्सन प्राप्त तथा नेपाल सरकारबाट उपलब्ध गराउदै आएको जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता, अपांग भत्ता, लगाएत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता)
७. सम्बन्धित बिरामीको नाममा रहेको बैंक खाताको चेकको प्रतिलिपि ।